**श्री सर्वोच्च अदालतमा पेश गरेको**

**<u>निवेदन-पत्रको सारसंक्षेप</u>**

विषयः- **नेपालको संविधानको धारा १३३ (२) र (३) समेतको आधारमा उत्प्रेषण, परमादेश लगायत, उपयुक्त आज्ञा, आदेश जारी गरी पाऊँ** ।

घनश्याम न्यौपानेको नाति हुतानन्द न्यौपानेको छोरा जिल्ला गुल्मी छत्रकोट गाउँपालिका वडा नं. ४ (साविक दिगाम गा.वि.स वडा नं. ३) बस्ने वर्ष २९ का अधिवक्ता विशाल न्यौपाने....................१ — निवेदक

बिरुद्ध

राष्ट्रपतिको कार्यालय, शितलविनास, काठमाडौं........................................१,
नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरवार काठमाडौ.......१,
नेपाल सरकार, सम्माननिय प्रधानमन्त्री शेरबहादुर देउवा, सिंहदरवार काठमाडौ........१,
परराष्ट्र मन्त्री माननीय नारायण खड्का.......................................................१,
संघिय संसद, सभामुख, प्रतिनिधी सभा, नयाँवानेश्वर काठमाडौ.............................१,
संघिय संसद, अध्यक्ष, राष्ट्रिय सभा, नयाँवानेश्वर काठमाडौ.................................१,
— विपक्षी

**<u>मुद्दा- उत्प्रेषण,परमादेश</u>**

म निवेदक नेपालको संविधान धारा ८०, १३३ (२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२(क) समेतको आधारमा यो रिट निवेदन दायर गर्दा लाग्ने अदालती शुल्क यसै

साथ संलग्न गरी सर्वोच्च अदालत नियमावली २०७४ को नियम ३२, ४०, ४१ र ऐ. ४२ समेतको आधारमा निम्न निवेदन गर्दछुः-

१. म निवेदक वकालत पेशामा संलग्न नेपाली नगारिक हु। म कानुनी शासन, शक्ति पृथकीकरण, मानवअधिकार, संविधानवादको लागी वकालत तथा निरन्तर रुपमा काम गर्दै आई रहेको छु। प्रस्तुत रिट निवेदनमा उठान गरिएको विषय एउटा कानुनी व्यवसायी तथा सचेत नागरिकको हैसियतले मेरो सार्थक सरोकारको विषय भएको हुँदा प्रस्तुत मुद्दामा मेरो हकदैया रहेको छ ।

२. नेपलको संविधानको धारा ८० ले प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्रीले राष्ट्रपती समक्ष तथा राज्यमन्त्री र साहायक मन्त्रीले प्रधानमन्त्री समक्ष आफ्नो कार्यभार सम्हाल्नु अघि संघिय कानुन बमोजिम पद तथा गोपनियताको शपथ लिनुपर्ने संवैधानिक व्यवस्था गरेको छ। यसरी भएको सवैधानिक व्यवस्था विपरित मितीः २०७८/०६/०६ मा नेपाल सरकारका सम्मानानिय प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा परराष्ट्र मन्त्रीमा नियुक्त डा.नारायण खड्काले संविधानको धारा ८० बमोजिम सम्माननीय राष्ट्रपती विद्यादेवी भण्डारी समक्ष पद तथा गोपनियताको शपथ लिएको भनिएकोमा संवैधानिक प्रावधान बमोजिम धारा ८० भनिएता पनि उल्लेखित धारा अनुसार “संघीय कानुन बमोजिम” हुनुपर्नेमा कुनैपनि कानुनी व्यवस्था नगरी अथवा कानुनी स्रोतको अभावमा पद तथा गोपनियताको सपथ गराइएको हुनाले उक्त गैरसंवैधानिक सपथ बदर गरी सपथ सम्बन्धी कानुन निर्माण गरी सोही बमोजिम सपथ ग्रहणका लागि यो निवेदन लिई उपस्थित भएको छु ।

३. नेपालको संविधानको धारा ८० को कार्यान्वयन गर्न संघीय संसदको अधिवेसन नभएको अवस्थामा संविधानको धारा ११४(१) बमोजिम मन्त्री परिषद्को सीफरीसमा सम्माननीय राष्ट्रपतीबाट “शपथ समबन्धी अध्यादेश २०७८” जारी भई मिती २०७८।०२।०६ मा प्रमाणित भई सार्वजनिक पद धारण गर्ने व्यक्तिको सपथ सम्बन्धी कानुन लागु भएको थियो। संसदको अधिवेशन प्रारम्भ भएपश्चात सदनमा उक्त अध्यादेश पेश भएपनि पारित हुन नसकेको हुनाले उक्त अध्यादेश संविधानको धारा १४४ (२) (ग) अनुसार स्वत निष्क्रीय भएको अवस्थामा कानुनको अभावमा सपथ ग्रहण गर्नु कानुनी राज्यको प्रतिकुल हुन्छ।

४. यसरी अध्यादेश निष्क्रीय भई संविधानको धारा ८० बमोजिम सपथ सम्बन्धी संघीय कानुन बनाई सोही कानुन बमोजिम प्रधानमन्त्री, उपप्रधानमन्त्री र मन्त्रीहरुको सपथ ग्रहण हुनुपर्ने संवैधानिक व्यवस्था प्रतिकुल पर्ने गरी कुनै कानुन निर्माण नगरी मिती २०७८।०६।०६ मा नियुक्त परराष्ट्र मन्त्री नारायण खड्काले सोही दिन मिती २०७८।०६।०६ मा सम्माननीय राष्ट्रपती विद्यादेवी भण्डारी समक्ष संविधानमै व्यवस्था गरिएको “संघीय कानुन बमोजिम” भन्ने प्रावधान बमोजिमको कुन संघीय कानुन बमोजिम गरिएको हो भन्ने उल्लेखनै नगरी अथवा कानुनको स्रोतको अभावमा र

कानुनले परिकल्पना गरेको कुनै ढाँचा विना असंवैधानिक तवरले गरिएको पद तथा गोपनियताको सपथ उत्प्रेषणको आदेशबाट बदर गरी पाउँ।

५. "शपथ समबन्धी अध्यादेश २०७८" संसदमा पेश भएपनि पारित नभई निस्कृय भएको सन्दर्भमा सरकारले संविधान कार्यान्यवयन गर्ने संवैधानिक दायित्व निर्वाहा गर्नका लागि "शपथ समबन्धी अध्यादेश २०७८" पारित गरी शपथ सम्बन्धी कानुन बनाउन अग्रसर लिन जरुरी छ। संविधानको प्रावधान विपरीत एक पटक कानुन जारी भई लागु समेत भएर कानुन बमोजिम सपथ ग्रहण भइसके पश्चात अध्यादेश जारी हुनपुर्व भएका सम्पुर्ण सपथहरुलाई कानुनबमोजिम अध्यादेश बमोजिम भएको भनिएकोमा अध्यादेश जारी हुनु पुर्व प्रचलनमा रहेको परम्पराको अभ्यास गर्नु संविधानको धारा ८० को प्रतिकुल बमोजिम हुन जान्छ । धारा ८० संगसंगै संविधानको धारा ७१ बमोजिमको राष्ट्रपति तथा उपराष्ट्रपतिको सपथ लगायत सार्वजनिक पदधारण गर्ने व्यक्तिले शपथ लिँदा समेत कानुनी स्रोतको अभाव हुने हुनाले संविधानले परिकल्पना गरे बमोजिमसपथ सम्बन्धी संघीय कानुन निर्माण संवैधानिक एबम कानुनी हिसाबले संवैधानिक दायित्व भएको हुनाले शपथ सम्बन्धी कानुन निर्माण गरी मात्र सपथ लिनु तथा दिनु भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी गरी पाउँ ।

६. यो मुद्दाको अन्तीम टुङ्गो नलागेसम्मको लागी मिती २०७८/०६/०६ मा नियुक्त परराष्ट्र मन्त्री नारायण खड्कालाई परराष्ट्र मन्त्रीको हैसियतमा संविधान बमोजिम कानुन बनाई सपथ ग्रहण नलिएसम्म मन्त्रीको हैसियतले काम नगर्नु नगराउनु र संविधानको धारा ८० बमोजिम संघिय कानुन निर्माण नगरी कसैलाई पनी मन्त्रीको हैसियतले सपथ ग्रहण नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७३ को नियम ४९ बमोजिम अन्तरिम आदेश जारी गरी पाऊँ।[1]

७. संलग्नः

क. नागरिकताको प्रतिलिपी ।

ख. मिती २०७८/०६/०६ मा परराष्ट्र मन्त्रीमा सपथ ग्रहण गरेको सुचनाको प्रतिलिपी ।

८. माथि उल्लेखित व्यवहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सँहुला बुँझाउला।

निवेदक

विशाल न्यौपाने

ईति सम्वत २०७८ साल असोज महिनाको ११ गते रोज २ शुभम.....................।

---

[1] ने.का.प २०७७ निर्णय नं. ८११७